# राप्ती सोनारी राजपत्र

# राप्ती सोनारी गाउँपालिकाद्वारा प्रकाशित

# खण्ड १० संख्या १ मिति २०८३।३।२७

## भाग २

राप्ती सोनारी गाउँपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका  लागि प्रकासन गरिएको छ।

नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) उत्खनन्, ढुवानी, क्रसिङ तथा बिक्रीमा VCTS प्रणाली अनिवार्य गर्ने सम्बन्धी कार्यविधि, २०८३

# नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) उत्खनन्, ढुवानी, क्रसिङ तथा बिक्रीमा VCTS प्रणाली अनिवार्य गर्ने सम्बन्धी कार्यविधि, २०८३

**प्रस्तावना**

नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) को उत्खनन्, संकलन, ढुवानी, प्रशोधन (crushing/screening) तथा बिक्री कार्यलाई **व्यवस्थित, पारदर्शी, प्रविधिमैत्री तथा राजस्व अभिवृद्धिमुखी** बनाउन, अवैध उत्खनन्, ढुवानी तथा बिक्री नियन्त्रण गरी राजस्व चुहावट न्यूनीकरण गर्न, क्रसर उद्योगको कच्चा पदार्थको स्रोत, उत्पादन, स्टक तथा बिक्री प्रक्रियालाई एकीकृत रूपमा अनुगमन गर्न तथा सार्वजनिक सम्पत्तिको संरक्षण सुनिश्चित गर्न आवश्यक भएकोले,

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११, ६२ र ६४, राजश्व चुहावट(अनसन्धान तथा नियन्त्रण) ऐन तथा नियमावली, वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून, खानी तथा खनिज पदार्थ सम्बन्धी कानून तथा अन्य प्रचलित कानून बमोजिम **Vehicle & Consignment Tracking System (VCTS)** प्रणाली अनिवार्य लागू गर्न यो कार्यविधि जारी गरिएको छ।

## १. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "नदिजन्य पदार्थमा VCTS अनिवार्य कार्यविधि, २०८३" रहनेछ।
(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट लागू हुनेछ।

## २. परिभाषा

यस कार्यविधिमा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा–
(क) "VCTS" भन्नाले सवारी तथा मालवस्तुको रियल टाइम ट्र्याकिङ, अभिलेखीकरण तथा प्रमाणीकरण गर्ने डिजिटल प्रणाली बुझिनेछ।
(ख) "नदिजन्य पदार्थ" भन्नाले ढुङ्गा, गिट्टी, बालुवा लगायत प्राकृतिक स्रोतजन्य निर्माण सामग्री बुझिनेछ।
(ग) "क्रसर उद्योग" भन्नाले नदिजन्य पदार्थ प्रशोधन गर्ने उद्योग बुझिनेछ।
(घ) "ठेकेदार/संस्था" भन्नाले गाउँपालिकासँग सम्झौता गरी उत्खनन् तथा बिक्री गर्ने व्यक्ति वा संस्था बुझिनेछ।
(ङ) "ढुवानीकर्ता" भन्नाले नदिजन्य पदार्थ ओसारपसार गर्ने सवारी साधन धनी वा सञ्चालक बुझिनेछ।
(च) "अनुमतिपत्र" भन्नाले गाउँपालिकाबाट जारी गरिएको उत्खनन्/ढुवानी/प्रशोधन अनुमति बुझिनेछ।

**३. VCTS प्रणाली अनिवार्य सम्बन्धी व्यवस्था**

(१) गाउँपालिका क्षेत्रभित्र नदिजन्य पदार्थको उत्खनन्, संकलन, ढुवानी, प्रशोधन तथा बिक्रीका सम्पूर्ण चरणमा VCTS प्रणाली अनिवार्य रूपमा प्रयोग गर्नुपर्नेछ।

(२) नदिजन्य पदार्थको उत्खनन् ओसार पसार तथा निकासी VCTS प्रणालि मार्फत मात्र गरिनेछ।

(३) VCTS प्रणालीमा अभिलेख नभएको कुनै पनि ढुवानी वा बिक्री पूर्ण रूपमा अवैध मानिनेछ।

(४) प्रत्येक ढुवानी सवारी साधनले VCTS इन्ट्रीको प्रमाण (QR Code/प्रिन्ट/डिजिटल पास) अनिवार्य रूपमा साथमा राख्नुपर्नेछ।

(५) VCTS प्रणालीमा GPS/समय आधारित ट्र्याकिङ समावेश गरिनेछ र आवश्यक परे अन्य प्रणाली (VTGS, CCTV, e-billing) सँग एकीकृत गरिनेछ।

**४. क्रसर उद्योग सम्बन्धी विशेष व्यवस्था**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका सबै क्रसर उद्योगहरूले देहाय बमोजिमका व्यवस्था अनिवार्य रूपमा पालना गर्नुपर्नेछः

(क) VCTS प्रणालीमा अनिवार्य रूपमा दर्ता भई **युजर आईडी/एक्सेस प्राप्त गरी मात्र सञ्चालन गर्नुपर्नेछ।**

(ख) उद्योगमा प्राप्त हुने सम्पूर्ण कच्चा पदार्थ (raw material) **VCTS प्रणालीमार्फत अभिलेखीकृत भएको हुनुपर्नेछ** र प्रत्येक प्राप्तिको लागि VCTS इन्ट्री नम्बर, स्रोत, सवारी साधन विवरण तथा परिमाण स्पष्ट रूपमा अभिलेख राख्नुपर्नेछ।

(ग) VCTS प्रणालीमार्फत आएको कच्चा पदार्थ बाहेक अन्य कुनै स्रोतबाट प्राप्त सामग्री उद्योगमा **भित्र्याउन,** भण्डारण गर्न वा प्रयोग गर्न पूर्ण रूपमा निषेध गरिनेछ।

(घ) उद्योग परिसरभित्र प्रवेश गर्ने तथा बाहिरिने प्रत्येक सवारी साधनको अभिलेख (इन्ट्री/एग्जिट) राख्ने व्यवस्था मिलाउनुपर्नेछ।

(ङ) उद्योगले प्राप्त कच्चा पदार्थ, प्रशोधित सामग्री तथा स्टक व्यवस्थापनका लागि डिजिटल अभिलेख प्रणाली (VCTS वा पालिकाले तोकेको प्रणाली) अनिवार्य रूपमा प्रयोग गर्नुपर्नेछ।

(२) क्रसर उद्योगले दैनिक रूपमा देहायका विवरण अद्यावधिक गर्नुपर्नेछः

(क) कच्चा पदार्थ प्राप्ति विवरण (Source-wise & Vehicle-wise)

(ख) दैनिक उत्पादन (Processed material)

(ग) बिक्री विवरण (Buyer-wise / Invoice-wise)

(घ) स्टक स्थिति (Opening, Production, Sales, Closing Stock)

(३) क्रसर उद्योगले देहाय बमोजिमका थप व्यवस्था सुनिश्चित गर्नुपर्नेछः

(क) उद्योग परिसरमा CCTV निगरानी प्रणाली जडान गरी कम्तीमा ३० दिनसम्मको रेकर्ड सुरक्षित राख्नुपर्नेछ।

(ख) तोकिएको स्थानमा तौल काँटा (Weighbridge) वा परिमाण मापन गर्ने उपकरण जडान गरी प्रत्येक सवारी साधनको मापन अभिलेख राख्नुपर्नेछ।

(ग) बिक्री गर्दा अनिवार्य रूपमा VCTS इन्ट्री नम्बर सहितको बिल/चलान (e-billing/VTGS) जारी गर्नुपर्नेछ।

(घ) VCTS प्रणालीसँग सम्बन्धित अभिलेख, स्टक विवरण तथा अन्य कागजात कम्तीमा १ वर्षसम्म सुरक्षित राख्नुपर्नेछ।

(४) गाउँपालिकाले क्रसर उद्योगको नियमित तथा आकस्मिक अनुगमन गर्न सक्नेछ र अनुगमनका क्रममा:

(क) कच्चा पदार्थको स्रोत, परिमाण तथा वैधता परीक्षण गर्ने

(ख) उत्पादन, बिक्री तथा स्टक विवरण मिलान गर्ने

(ग) VCTS डाटा तथा वास्तविक स्टक बीचको अन्तर जाँच गर्ने कार्य गर्नेछ ।

(५) VCTS बाहिरको सामग्री प्रयोग, भण्डारण वा बिक्री गरेको पाइएमा देहाय बमोजिम कारबाही गरिनेछः

(क) सो सामग्री तत्काल **जफत गरिनेछ** र आवश्यक परे लिलामी वा नष्ट गर्ने व्यवस्था गरिनेछ।

(ख) उद्योगलाई पहिलो पटक **आर्थिक जरिवाना तथा चेतावनी** दिइनेछ।

(ग) पुनरावृत्ति भएमा:

- दोब्बर जरिवाना
- उद्योगको सञ्चालन अस्थायी रूपमा रोक्का

(घ) गम्भीर वा पटक–पटक उल्लंघन भएमा:

- उद्योगको इजाजतपत्र निलम्बन वा रद्द
- बैंक जमानत जफत
- कालोसूचीमा समावेश गरिनेछ ।

(ङ) आवश्यक परे सम्बन्धित उद्योगविरुद्ध **प्रचलित कानून बमोजिम मुद्दा दायर गरिनेछ ।**

(६) VCTS प्रणालीमा गलत विवरण प्रविष्ट गर्ने, प्रणाली दुरुपयोग गर्ने वा राजस्व छल्ने उद्देश्यले कार्य गर्ने उद्योगलाई गम्भीर कसूर मानी कडा कारबाही गरिनेछ ।

### ५. दर्ता तथा इन्ट्री सम्बन्धी व्यवस्था

(१) गाउँपालिका क्षेत्रभित्र नदिजन्य पदार्थको उत्खनन्, संकलन, ढुवानी, प्रशोधन तथा बिक्री कार्यमा संलग्न ठेकेदार, ढुवानीकर्ता (सवारी साधन धनी/सञ्चालक) तथा क्रसर उद्योगले VCTS प्रणालीमा अनिवार्य रूपमा दर्ता हुनुपर्नेछ ।

(२) दर्ता गर्दा देहायका आधारभूत विवरणहरू अद्यावधिक रूपमा प्रविष्ट गर्नुपर्नेछः

- संस्था/व्यक्ति नाम, ठेगाना तथा सम्पर्क विवरण
- प्यान/भ्याट नम्बर (लागु हुने अवस्थामा)
- सवारी साधनको दर्ता नम्बर, प्रकार तथा स्वामित्व विवरण
- चालकको नाम, लाइसेन्स नम्बर तथा सम्पर्क
- क्रसर उद्योगको इजाजतपत्र तथा सञ्चालन विवरण

(३) VCTS प्रणाली प्रयोगका लागि सम्बन्धित ठेकेदार, ढुवानीकर्ता तथा क्रसर उद्योगले राजश्वय अनुसन्धान विभागको वेब-साइटमा गई वा विभागसंग समन्वय गरी युनिक युजर आईडी, पासवर्ड वा डिजिटल प्रमाणीकरण (QR/OTP आदि) लिनुपर्नेछ र सोको दुरुपयोग भएमा सम्बन्धित पक्ष नै जिम्मेवार हुनेछ ।

(४) प्रत्येक ढुवानी तथा आपूर्तिको क्रममा देहायका विवरणहरू अनिवार्य रूपमा VCTS प्रणालीमा रियल टाइम वा ढुवानी प्रारम्भ हुनु अघि प्रविष्ट गर्नुपर्नेछः

- सवारी साधन नम्बर तथा प्रकार
- चालकको नाम र सम्पर्क विवरण

- स्रोत (घाट/क्रसर/अनुमतिप्राप्त स्थल)
- गन्तव्य (क्रसर उद्योग/निर्माण स्थल/बजार)
- सामग्रीको प्रकार (ढुङ्गा/गिट्टी/बालुवा आदि)
- परिमाण (घनमिटर/टन)
- मिति तथा समय (लोडिङ तथा डिस्प्याच समय)
- सम्बन्धित अनुमति नम्बर/ठेक्का नम्बर (लागु हुने अवस्थामा)

**६. ठेक्का सम्झौतामा समावेश हुने शर्त सम्बन्धी व्यवस्था**

(१) गाउँपालिका क्षेत्रभित्र नदिजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) सम्बन्धी उत्खनन्, ढुवानी, प्रशोधन तथा बिक्री कार्यका लागि गरिने सबै ठेक्का सम्झौता तथा क्रसर उद्योग सञ्चालन अनुमति पत्रमा देहायका शर्तहरू अनिवार्य रूपमा समावेश गरिनेछः

**(क) VCTS प्रणाली अनिवार्य प्रयोग सम्बन्धी शर्त**

- ठेकेदार, ढुवानीकर्ता तथा क्रसर उद्योगले नदिजन्य पदार्थसँग सम्बन्धित सम्पूर्ण कार्यमा VCTS प्रणालीको अनिवार्य प्रयोग गर्नुपर्नेछ ।
- VCTS प्रणालीमा अभिलेख नभएको कुनै पनि उत्खनन्, ढुवानी, प्रशोधन वा बिक्री कार्य अवैध मानिनेछ ।
- प्रत्येक ढुवानीमा VCTS द्वारा जारी गरिएको ट्र्याकिङ नम्बर/QR कोड/डिजिटल पास अनिवार्य रूपमा प्रयोग गर्नुपर्नेछ ।
- VCTS प्रणालीमा प्रविष्ट गरिएका विवरणहरू सत्य, यथार्थ र अद्यावधिक हुनुपर्नेछ।

**(ख) उल्लंघनमा जरिवाना तथा भुक्तानी रोक्का सम्बन्धी शर्त**

- VCTS प्रणालीको प्रयोग नगरेमा वा गलत विवरण प्रविष्ट गरेमा सम्बन्धित पक्षलाई **तत्काल आर्थिक जरिवाना** गरिनेछ ।
- त्यस्तो उल्लंघन देखिएमा गाउँपालिकाले:
  - प्रगतिमा रहेको कार्यको भुक्तानी आंशिक वा पूर्ण रूपमा रोक्का गर्ने,
  - थप काम गर्न अस्थायी रूपमा रोक लगाउने,
  - आवश्यक परे कार्य प्रगति मूल्याङ्कन पुनःसमिक्षा गर्ने अधिकार राख्नेछ ।
- VCTS डाटा र वास्तविक कार्य/ढुवानी/स्टक बीच अन्तर देखिएमा सोको स्पष्टीकरण नआएसम्म भुक्तानी रोक्का राखिनेछ ।

**(ग) गम्भीर उल्लंघनमा सम्झौता/इजाजत रद्द सम्बन्धी शर्त**

देहायका अवस्थामा उल्लंघनलाई गम्भीर मानिनेछः

- पटक–पटक VCTS प्रणाली प्रयोग नगर्ने
- जानाजानी गलत विवरण प्रविष्ट गर्ने
- VCTS बाहिरको सामग्री प्रयोग, भण्डारण वा बिक्री गर्ने
- राजस्व छलि गर्ने उद्देश्यले प्रणाली दुरुपयोग गर्ने

उपरोक्त अवस्थामा गाउँपालिकाले:

- सम्बन्धित ठेक्का सम्झौता एकपक्षीय रूपमा रद्द गर्न सक्नेछ,

- क्रसर उद्योगको सञ्चालन इजाजतपत्र निलम्बन वा खारेज गर्न सक्नेछ,
- बैंक जमानत (Performance Security) जफत गर्न सक्नेछ,
- सम्बन्धित पक्षलाई कालोसूचीमा समावेश गर्न सिफारिस गर्नेछ।

**(घ) कानुनी कारबाही सम्बन्धी शर्त**

- उल्लंघनबाट सार्वजनिक सम्पत्ति हानि, राजस्व चुहावट वा अवैध कार्य भएको पाइएमा सम्बन्धित पक्षविरुद्ध प्रचलित कानून बमोजिम मुद्दा दायर गरिनेछ।

**(ङ) अनुगमन तथा अनुपालन सम्बन्धी शर्त**

- ठेकेदार तथा क्रसर उद्योगले गाउँपालिकाबाट **हुने** अनुगमन, निरीक्षण तथा अभिलेख परीक्षणमा पूर्ण सहयोग गर्नुपर्नेछ।
- माग गरिएका कागजात, विवरण तथा डिजिटल अभिलेख उपलब्ध नगराएमा सो **कार्यलाई** उल्लंघन मानी कारबाही गरिनेछ।

**(च) दायित्व हस्तान्तरण नहुने शर्त**

- VCTS प्रणाली प्रयोग तथा अनुपालन सम्बन्धी दायित्व तेस्रो पक्षलाई हस्तान्तरण गर्न पाइने छैन र उल्लंघनको जिम्मेवारी सम्बन्धित ठेकेदार/उद्योग स्वयंले वहन गर्नुपर्नेछ।

**७.VCTS प्रणाली व्यवस्थापन तथा जिम्मेवारी सम्बन्धी व्यवस्था**

(१) गाउँपालिका क्षेत्रभित्र लागू हुने VCTS प्रणालीको **व्यवस्थापन, मापदण्ड निर्धारण तथा नियन्त्रण गर्ने अधिकार र दायित्व गाउँपालिकामा निहित रहनेछ।**

(२) गाउँपालिकाले VCTS प्रणालीलाई आवश्यकतानुसार **GPS/समय आधारित ट्र्याकिङ प्रणाली, VTGS, CCTV, e-billing तथा अन्य डिजिटल प्रणालीसँग एकीकृत गर्ने वा गराउनेछ।**

(३) गाउँपालिकाले:

(क) केन्द्रीय सर्भर, डाटाबेस तथा अनुगमन प्रणाली सञ्चालन गर्ने,

(ख) VCTS प्रयोग सम्बन्धी कार्यविधि, निर्देशिका (SOP), मापदण्ड तथा यूजर म्यानुअल जारी गर्ने,

(ग) सम्बन्धित प्रयोगकर्तालाई तालिम, अभिमुखीकरण तथा प्राविधिक सहजीकरण उपलब्ध गराउने,

(घ) प्रणालीको नियमित अनुगमन, मूल्याङ्कन तथा सुधार गर्नेछ।

(घ) राजस्व मिलान (reconciliation) गर्ने,

(ङ) कर, शुल्क तथा दस्तुरको अनुगमन गर्ने,

(च) राजस्व चुहावट देखिएमा आवश्यक कारबाही प्रक्रिया अगाडि बढाउनेछ।

(४) सम्बन्धित ठेकेदार, ढुवानीकर्ता तथा क्रसर उद्योगको दायित्व देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकाले तोकेको मापदण्ड अनुसार VCTS प्रणालीमा अनिवार्य दर्ता हुने,

(ख) प्रत्येक ढुवानी तथा कारोबारको **रियल टाइम VCTS इन्ट्री गर्ने**,

(ग) सवारी साधनमा आवश्यक **GPS उपकरण जडान तथा सञ्चालन गर्ने**,

(घ) VCTS प्रणालीको प्रयोग नगरी कुनै पनि नदिजन्य पदार्थको ढुवानी, प्रशोधन वा बिक्री नगर्ने,

(ङ) प्रणाली सञ्चालनका लागि आवश्यक उपकरण, इन्टरनेट तथा प्राविधिक पूर्वाधारको व्यवस्था गर्ने।

(५) गाउँपालिकाको **नगर प्रहरीले**:

(क) VCTS प्रणाली बिना सञ्चालन भएका ढुवानी नियन्त्रण गर्ने,

(ख) अवैध नदिजन्य पदार्थ जफत गर्ने,

(ग) चेकपोस्ट सञ्चालन तथा फिल्ड अनुगमन गर्ने,

(घ) सम्बन्धित शाखामा प्रतिवेदन पेश गर्नेछ।

(६) यस प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाले जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, राजस्व अनुसन्धान विभाग तथा अन्य सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्नेछ ।

(७) VCTS प्रणालीको दुरुपयोग, गलत विवरण प्रविष्टि वा प्रणाली छल्ने कार्य गरेमा त्यस्तो कार्यलाई कानुनी अपराध मानी प्रचलित कानून बमोजिम कारबाही गरिनेछ ।

## ८. अनुगमन तथा नियमन सम्बन्धी व्यवस्था

(१) गाउँपालिकाले नदिजन्य पदार्थको उत्खनन, ढुवानी तथा उपयोग कार्यलाई पारदर्शी, व्यवस्थित र कानुनी दायराभित्र राख्नका लागि नियमित तथा आकस्मिक अनुगमन गर्नेछ । यस प्रयोजनका लागि गाउँपालिका तथा सम्बन्धित सुरक्षाकर्मी (प्रहरी) सँग आवश्यक समन्वय गरी संयुक्त रुपमा अनुगमन गरिनेछ ।

(२) क्रसर उद्योगहरूको सञ्चालनलाई नियमन गर्न निम्न विषयहरूमा विशेष ध्यान दिई नियमित निरीक्षण गरिनेछः

- कच्चा पदार्थको मौज्दात (Stock) को यथार्थ अवस्था
- दैनिक तथा मासिक उत्पादन (Processed Material) को अभिलेख
- बिक्री तथा वितरणको विवरण
- VCTS प्रणालीमा प्रविष्ट गरिएको तथ्यांक र वास्तविक अवस्थाबीचको मिलान

उक्त निरीक्षण नियमित (Routine) तथा आकस्मिक (Surprise) दुवै प्रकारले गरिनेछ, र आवश्यक परेमा अभिलेख, बिल तथा ढुवानी विवरण समेत परीक्षण गरिनेछ ।

(३) अनुगमन कार्यलाई प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकताअनुसार निम्न संयन्त्रहरू परिचालन गर्न सक्नेछः

- रणनीतिक स्थानहरूमा स्थायी वा अस्थायी चेकपोस्ट स्थापना
- CCTV क्यामेरा जडान तथा निगरानी प्रणाली सञ्चालन
- मोबाइल अनुगमन टोली (Field Monitoring Team) परिचालन
- GPS/समय आधारित ट्र्याकिङ (VCTS) प्रणालीको प्रत्यक्ष अनुगमन

(४) अनुगमनका क्रममा कुनै अनियमितता, अवैध उत्खनन, ढुवानी, वा VCTS प्रणालीको उल्लंघन भएको पाइएमा तत्काल आवश्यक कारबाही प्रक्रिया अगाडि बढाइनेछ। यस अन्तर्गत सामग्री जफत, जरिवाना, सञ्चालन रोक्का, वा सम्बन्धित इजाजत/सम्झौता रद्दसम्मका कारबाही गर्न सकिनेछ ।

(५) अनुगमन तथा नियमनसम्बन्धी सबै विवरणहरू अभिलेखीकरण गरिनेछ र आवश्यक परेमा सम्बन्धित निकायहरूबीच सूचना आदानप्रदान गरी कार्यवाहीलाई थप प्रभावकारी बनाइनेछ ।

**९. दण्ड तथा कारबाही सम्बन्धी व्यवस्था**

(१) VCTS प्रणालीको प्रयोग तथा यस कार्यविधिमा उल्लेखित प्रावधानहरूको पालना गर्नु सबै सम्बन्धित पक्षहरूको अनिवार्य दायित्व हुनेछ। सो दायित्व पालना नगरेको वा उल्लंघन गरेको पाइएमा उल्लंघनको प्रकृति, गम्भीरता तथा पुनरावृत्तिको आधारमा निम्नानुसार दण्ड तथा कारबाही गरिनेछः

**(क) पहिलो पटक उल्लंघन भएमा:**

• सम्बन्धित व्यक्ति, फर्म वा उद्योगलाई लिखित रूपमा चेतावनी दिइनेछ ।

• साथै तोकिएको दरअनुसार आर्थिक जरिवाना लगाइनेछ ।

• आवश्यक परेमा सुधारका लागि निश्चित समयसीमा प्रदान गरिनेछ ।

**(ख) दोस्रो पटक उल्लंघन दोहोरिएमा:**

• अघिल्लो जरिवानाको दोब्बर रकमसम्म आर्थिक जरिवाना लगाइनेछ ।

• सम्बन्धित कार्य/सञ्चालनमा अस्थायी रोक लगाउन सकिनेछ ।

• सम्बन्धित निकायलाई कडाइका साथ सुधार गर्न निर्देशन दिइनेछ ।

**(ग) पटक–पटक वा गम्भीर उल्लंघन (पुनरावृत्ति) भएमा:**

• क्रसर उद्योग वा सम्बन्धित व्यवसायको सञ्चालन पूर्ण रूपमा बन्द गर्न सकिनेछ ।

• सम्बन्धित ठेक्का सम्झौता वा इजाजतपत्र रद्द गर्न सकिनेछ ।

• सम्बन्धित व्यक्ति वा फर्मलाई निश्चित अवधिका लागि कालोसूची (Blacklist) मा राख्न सकिनेछ, जसका कारण भविष्यमा गाउँपालिकाभित्र कुनै पनि सम्बन्धित कार्यमा सहभागी हुन प्रतिबन्ध लगाइनेछ ।

(२) माथि उल्लेखित कारबाही बाहेक, उल्लंघनको प्रकृतिअनुसार सामग्री जफत, ढुवानी साधन नियन्त्रण, तथा प्रचलित कानून बमोजिम थप कानुनी कारबाही समेत अगाडि बढाइनेछ ।

(३) कारबाही गर्दा पारदर्शिता, निष्पक्षता तथा प्रमाणमा आधारित निर्णय प्रक्रियालाई प्राथमिकता दिइनेछ, र आवश्यक परेमा सम्बन्धित पक्षलाई आफ्नो स्पष्टीकरण पेश गर्ने अवसर प्रदान गरिनेछ ।

(४) दण्ड तथा कारबाहीसम्बन्धी सबै विवरण अभिलेख राखिनेछ र भविष्यमा अनुगमन तथा मूल्याङ्कनका लागि प्रयोग गरिनेछ ।

**१०. समन्वय सम्बन्धी व्यवस्था**

(१) यस कार्यविधिको प्रभावकारी कार्यान्वयनका लागि गाउँपालिकाले सम्बन्धित सरकारी तथा सुरक्षा निकायहरूसँग आवश्यक समन्वय तथा सहकार्य गर्नेछ। विशेषगरी जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय, राजस्व अनुसन्धान विभाग तथा अन्य सम्बन्धित निकायहरूसँग नियमित सूचना आदान–प्रदान, संयुक्त अनुगमन तथा कार्यान्वयनमा सहकार्य गरिनेछ ।

(२) जिल्ला प्रशासन कार्यालयसँग कानुन कार्यान्वयन, आदेश जारी, नियन्त्रण तथा समन्वयात्मक भूमिका निर्वाह गर्ने विषयमा सहकार्य गरिनेछ, जसबाट अवैध उत्खनन, ढुवानी तथा भण्डारण कार्यलाई नियन्त्रण गर्न सहयोग पुग्नेछ ।

(३) प्रहरी कार्यालयसँग शान्ति सुरक्षा कायम राख्ने, अवैध गतिविधि नियन्त्रण गर्ने, ढुवानी साधन जाँच तथा आवश्यक कारबाहीमा सहकार्य गरिनेछ। आवश्यक परेमा संयुक्त अनुगमन टोली गठन गरी फिल्डस्तरमा परिचालन गरिनेछ ।

(४) राजस्व अनुसन्धान विभागसँग राजस्व चुहावट नियन्त्रण, कर सम्बन्धी अ
नियमितता पहिचान तथा अनुसन्धान कार्यमा समन्वय गरिनेछ। VCTS प्रणालीबाट प्राप्त तथ्यांक तथा अभिलेखहरू आवश्यकतानुसार साझेदारी गरी अनुसन्धान कार्यलाई सुदृढ बनाइनेछ ।

(५) आवश्यकताअनुसार अन्य निकायहरू जस्तै वातावरण सम्बन्धी निकाय, सडक विभाग, स्थानीय तहहरू तथा प्राविधिक संस्थाहरूसँग समेत सहकार्य गरी वातावरणीय संरक्षण, पूर्वाधार सुरक्षा तथा दिगो व्यवस्थापनमा सहयोग लिइनेछ ।

## ११. विविध

यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरूका अतिरिक्त देहाय बमोजिमका विषयहरू लागू हुनेछन्:

१. **प्रचलित कानूनको प्रयोग**

यस कार्यविधिमा उल्लेख नभएका विषयहरू प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानून बमोजिम हुनेछ ।

२. **संशोधन तथा परिमार्जन**

आवश्यकता अनुसार यस कार्यविधिमा गाउँ कार्यपालिकाबाट संशोधन, थपघट वा परिमार्जन गर्न सकिनेछ ।

३. **अवरोध फुकाउने व्यवस्था**

कार्यान्वयनका क्रममा उत्पन्न हुने व्यावहारिक समस्या समाधानका लागि गाउँ कार्यपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ ।

४. **खारेजी तथा बचाउ**

यस कार्यविधि लागू भएपछि यस अघिका यससँग बाझिने प्रावधानहरू स्वतः खारेज हुनेछन् भने यस अघिका वैधानिक रूपमा भएका कार्यहरू यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।